आर्थिक बर्ष : २०८२/८३

बैठक संख्या :१५

आज मिति २०८३/०२/२८ गतेका दिन बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

| दस्तखत | पदाधिकारी | गाउँपालिका/ वडा नं | नाम,थर |
|---|---|---|---|
| | अध्यक्ष | गाउँपालिका | श्री सूर्य बहादुर कुवँर |
| | उपाध्यक्ष | गाउँपालिका | श्री भगवती शर्मा |
| | वडा अध्यक्ष | १ नं | श्री राजेन्द्र कुमार के .सी. |
| | वडा अध्यक्ष | २ नं | श्री नोम बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ३ नं | श्री मनुकुमारी राना |
| | वडा अध्यक्ष | ४ नं | श्री मुक्त बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ५ नं | श्री ङन बहादुर थापा |
| | वडा अध्यक्ष | ६ नं | श्री कृष्णबहादुर क्षेत्री |
| | वडा अध्यक्ष | ७ नं | श्री मेखराज गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कुशुम देवी शर्मा श्रेष्ठ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री र माया गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री दुर्मा देवी थापा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री इन्दिरा पोखेल |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री पाल सिं विश्वकर्मा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कोपिला वि.क. |
| | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पर्शुराम उपाध्याय |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| | कार्यबहाक वडा अध्यक्ष | ८ नं. | श्री दाम बहादुर राना मगर |
| | प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पिताम्बर पोखेल |
| | सहायक प्रशासकीय अधिकृत | गाउँपालिका | श्री दिपक ढुङ्गाना |

गाउँ कार्यपालिका बैठक कार्यसूची (२०८३/०२/२८)

| सि.नं. | प्रस्ताव | प्रस्तावक शाखा/ पदाधिकारी | निर्णण भएको/नभएको |
|---|---|---|---|
| १. | गाउँसभाको १९ औं अधिवेशन (बजेट अधिवेशन)को मिति तय सम्बन्धमा | अध्यक्षज्यूको सचिवालय | |
| २. | आ.व. २०८१/८२ को बार्षिक लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | |
| ३. | राष्ट्रिय रोजगार कार्यक्रमबाट सडक सरसफाई सम्बन्धमा। | रोजगार सेवा केन्द्र | |
| ४. | विपद व्यवस्थापन समितिबाट भएको सिफारिस सम्बन्धमा। | विपद शाखा | |
| ५ | जग्गाको न्युनतम मूल्याङ्कन सम्बन्धमा | | |
| ६. | योजनाको म्याद थप सम्बन्धमा। (दायित्व समेत व्यवस्थापन गरी)<br>• भन्ज्याङ बाहुँ बिरुवा<br>• तर्ले सामुदायिक स्वास्थ्य ईकाइ | योजना/प्राविधिक शाखा | |
| ७ | अध्ययन अवलोकन सिकाई भ्रमण २०८३ को समिक्षा तथा खर्च सार्वजनिक सम्बन्धमा। | | |

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा गाउँपालिका
स्याङ्जा
२०७३

मिति :२०८३/०२/२८

**निर्णय नं. १**

बिरुवा गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशन (बजेट अधिवेशन) मिति २०८३/०३/०७ गते विहान ११:०० बजेदेखी गाउँपालिकाको सभाहलमा बस्ने गरी आव्हान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. २**

बिरुवा गाउँपालिकाको आ.व. २०८१/८२ को अन्तिम लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरी उक्त प्रतिवेदनले औंल्याएका कमी कमजोरीहरुलाई सुधार गर्दै प्रतिवेदनमा उल्लेखित सुझावहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रतिबद्धताका साथ उक्त प्रतिवेदनमा औंल्याईएको वेरुजु नियमानुसार फर्छ्यौंट गर्न सम्बन्धित सवै सरोकारवालाहरुलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ३**

आ.ब.२०८२/८३ मा राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट बिरुवा गाउँपालिका अन्तर्गतका विभिन्न सडकहरु सरसफाई तथा मर्मतसंभार गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

मिति २०८३/०२/०८ गतेको हावाहुरीका कारणले बिरुवा गाउँपालिका वडा नं. ६ र ७ मा सिर्जित विपदका तपसिल पिडितहरुलाई राहत, उद्धार तथा पुनर्स्थापनाका विषयमा विपद व्यवस्थापन समितिको मिति २०८३/०२/१३ गतेको बैठकबाट सिफारिस भए बमोजिम घर पूर्ण रुपमा क्षती भएका परिवारलाई रु ५०,०००/- र धन्सार क्षती भएका परिवारलाई रु २५,०००/- रकम जस्तापाता खरीद तथा घर तथा धन्सार निर्माणका लागि रकम उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ५.**

बिरुवा गाउँपालिका राजश्व परामर्श समितिको बैठकबाट बिरुवा गाउँपालिका क्षेत्रभित्र पर्ने जग्गाको न्युनतम मूल्याङ्कन सम्बन्धमा सम्बन्धित भूमी प्रशासन कार्यालयबाट निर्धारित मूल्याङ्कनलाई नै आगामी आ.व.२०८३/८४ का लागि न्युनतम मूल्याङ्कनको रुपमा कायम गर्नका लागि सिफारिस भईआएकोले सोही अनुसार गर्ने गराउने निर्णय सर्वसम्मतिले गरियो।

**निर्णय नं. ६**

बिरुवा गाउँपालिका कार्यालयद्धारा चालु आ.व. २०८२/८३ मा बोलपत्र आव्हान गरी निर्माण कार्य अगाडि बढाईएको तर विविध कारणबस समयमै निर्माण कार्य सम्पन्न हुन नसकेको तपसिल योजनाको निर्माण समयावधी (म्याद) २०८३ पौष मसान्त सम्मका लागि थप गर्ने निर्णय सर्वसहमतीले गरियो।

तपसिल :

१. भन्ज्याङ बाहुँ बिरुवा सडक स्तरोन्नती (Contract ID No. NCB/BRM/WORKS/010/2082-83)

२. तर्ले सामुदायिक स्वास्थ्य ईकाइ (Contract ID No. NCB/BRM/WORKS/002/2082-83)

<u>निर्णय नं. ७</u>

गण्डकी प्रदेशका कास्की, पर्वत, म्याग्दी र मुस्ताङमा रहेका विभिन्न पालिकाहरुले गरेका असल अभ्यास आदानप्रदान तथा पर्यटकीय र धार्मिक स्थलहरुको अध्ययन, अवलोकनका लागि बिरुवा गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको मिति २०८३/०२/१४-१७ सम्म संचालन भएको संयुक्त सिकाई भ्रमणको विविध पक्षहरुमा समिक्षा गरी उक्त सिकाई भ्रमण उपलब्धिमूलक र सफल रहेको समिक्षा गरियो। साथै उक्त कार्यक्रमका क्रममा खर्च भएको एकमुष्ठ खर्च रकम रु ७,७४,१८०/- सर्वसहमतीले अनुमोदन गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत